# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल


## कृषि विकास शाखा, रत्ननगर नगरकार्यपालिकाको कार्यालयको फलफुल तथा तरकारी मुल्य श्रृंखला विकास आयोजनाको अनुदान कार्यक्रममा सहभागिताको लागि सुचिकृत हुने सम्बन्धी सूचना

मितिः २०७७/०५/२१

कृषि विकास शाखा, रत्ननगर नगरकार्यपालिकाको कार्यालयको चालु आ.ब. २०७७/०७८ को स्वीकृत बार्षिक कार्यक्रम **फलफूल तथा तरकारी मुल्य श्रृंखला विकास आयोजना**को अनुदान कार्यक्रममा सहभागीताका लागि यस नगरपालिका अर्न्तगत आयोजनाको कार्यक्षेत्र भित्र रहेका कृषक/कृषि फर्म/कृषि समुह/सहकारीहरुले आवश्यक कागजातहरु संलग्न राखि प्रथम पटक सुचना प्रकाशित मितिले ३० (तीस) दिन (मिति २०७७।०६।२० गते) भित्र कार्यालय खुल्ने समयमा तपशिल बमोजिमका कागजातहरु संलग्न राखि रितपूर्वक सुचिकृतका लागि निवेदन पेश गर्नुहुन सम्बन्धित सम्पुर्ण सरोकारवालाहरु लाई जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ ।

**क. आयोजनाको लक्षित बाली अनुसारका कार्यक्षेत्रहरु**

| क.सं. | आयोजनाको लक्षित बालीको नाम | आयोजना क्षेत्र वडाहरु |
|---|---|---|
| १ | काउली र बन्दा | १ |
| २ | कागती | १२ |
| ३ | आलु र काक्रो | १४ र १५ |
| ४ | केरा | १६ |

**ख. आवश्यक कागजातहरु**

१.कार्यालयले उपलब्ध गराएको फर्मेटमा निवेदन,
२.संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपी, म्याद सकिएको भएमा नविकरण गरेको प्रमाण पत्र,
३.लेखा परिक्षण प्रतिवेदन वा करचुक्ता प्रमाण पत्रको प्रतिलिपी,
४.संस्थागत निर्णयको प्रतिलिपी,
५.कार्यक्रममा समाबेश हुने प्रत्येक कृषक सदस्यहरुको खेती गरिने जग्गाको धनी पुर्जाको प्रतिलिपी,
६.कृषकको नागरिकताको प्रतिलिपी,
७.सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,
८.सुचिकृत निवेदन पेश गर्ने कृषक/कृषि फर्म/कृषक समुह/कृषि सहकारीहरुले कार्यालयबाट उपलब्ध गराएको फारममा सम्पुर्ण विवरण भरि पेश गर्नुपर्नेछ । फारम यस कार्यालयबाट वा कार्यालयको वेवसाईट www.ratnanagarmun.gov.np बाट डाउनलोड गरि प्राप्त गर्न सकिनेछ ।

विस्तृत जानकारीको लागि कृषि विकास शाखा, रत्ननगर नगरकार्यपालिकाको कार्यालयमा सम्पर्क राख्नु होला ।

रत्ननगर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन


फोन नं.: ०५६-५६०५२९, ५६०५०६, फ्याक्सः ०५६-५६२४८७
E-mail: ratna.municipal@gmail.com, website: www.ratnanagarmun.gov.np

मितिः- २०७७/......./.......

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू,
रत्ननगर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, रत्ननगर, चितवन
मार्फत,
कृषि बिकास शाखा, रत्ननगर नगरपालिका, चितवन ।

बिषयः- सुचिकृत गरी पाँउ ।

महोदय,

प्रस्तुत बिषयमा यस कार्यालयबाट मिति २०७७/०५/२० गते प्रकाशित सूचना अनुसार म/यस श्री.......................................................................कृषक/कृषि फर्म/कृषक समूह/कृषि सहकारीले नगरपालिकाको **फलफुल तथा तरकारी मुल्य श्रृंखला विकास आयोजना**को कार्यक्षेत्र वडा नं...............को लक्षित बाली..........................को कार्यक्रममा भाग लिन इच्छुक भएकोले सुचिकृत गरिदिनु हुन भनि यो निबेदन पेश गरेको छु ।

संलग्न कागजातहरू

१. संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि,
२. कर चुक्ता /लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि,
३. संस्थाको निर्णयको प्रितिलिपि,
४. वडा कार्यालयको सिफारिस पत्र,
५. धनि पुर्जाको प्रतिलिपि,
६. नागरिकताको प्रतिलिपि
७. कृषक सदस्यहरुको बिबरण फारम

निवेदक

दस्तखत :

नामः
पदः
सम्पर्क न.
संस्थाको नामः
ठेगानाः
संस्थाको छापः

| क.सं. | निवेदन पेश गर्ने कृषक सदस्यहरुको व्यक्तिगत विवरण | | | कृषकको खेती विवरण | | | | | | कृषकको हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कृषक सदस्यहरुको नाम, थर | स्थायी ठेगाना | सम्पर्क नं. | कुल खेती गरिएको जमिनको क्षेत्रफल (कट्ठा) | | लक्षित बालीको नाम | लक्षित बालीको क्षेत्रफल (कट्ठा) | लक्षित बालीको बार्षिक उत्पादन (के.जि.) | कैफियत | |
| | | | | आफ्नो | भाडा वा अधियामा | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |